# आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

उत्तरगया गाउँपालिका

रसुवा जिल्ला

प्रदेश नं. ३, नेपाल

२०७५/०७६

उपस्थित सम्मानित गाउँसभा सदस्य ज्यूहरु,

राष्ट्र सेवक कर्मचारीहरु,

पत्रकार महानुभावहरु,

नागरिक अगुवा साथै सम्पुर्ण उत्तरगया वासी वुवाआमा, दाजुभाई तथा दिदी वहिनिहरु,

गरिमामय यस सभासामू उत्तरगया गाउपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम पेश गर्न पाउदा आफुलाई गौरवान्वित महसुस भइरहेको छ। सायद लोकतन्त्रको लागि जीवन उत्सर्ग गर्ने सहिदहरुको वलिदानी नभइदिएको भए अधिकार सम्पन्न स्थानिय सरकारको प्रमुखको रुपमा यस गरिमामय सभासामू यसरी उत्तरगया सरकारको नीति तथा कार्यक्रम पेश गर्न असम्भव नै हुने थियो होला। यसर्थ ती ज्ञात अज्ञात सहिद र जनआन्दोलनका घाइतेप्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्न चाहन्छु।

स्थानिय सरकारको रुपमा विगत एक वर्षको अभ्यास र सिकाइले हामीलाई अवसर र चुनौतीहरुका वोध गराएको छ। एकतिर जनताको घरदैलोको सरकारको रुपमा कार्य गर्दै जादा जन आकांक्षा र चाहनालाई संवोधन गर्न सहज हुने देखिन्छ भने अर्कोतिर संक्रमणकालिन जटिलताहरुले चुनौति थपेको पाइन्छ। यी चुनौतिहरुलाई अवसरमा रुपान्तरण गर्दै नागरिक मैत्री स्थानिय सरकारको पहिचानलाई थप सशक्त पार्न हामी दृढ संकल्पित छौ।

उपस्थित महानुभावहरु

म अव उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

**क) आर्थिक विकास**

- सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्य मार्फत उत्तरगयाको आर्थिक सम्वृदिलाई वढवा दिदै लगीने छ।
- कृषिलाई आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरी कृषिमा आत्मनिर्भरता कायम गर्दै जानको लागि कृषकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरु लागू गरिनेछ।
- अध्यक्ष साना कृषक उत्थान कार्यक्रम लागू गरी कृषिमा निर्भर सानो\कृषकलाई प्रोत्साहन गरिनेछ।
- आगामी आर्थिक वर्षदेखि हरेक वडामा एक पशु सेवा तथा कृषि प्राविधिक रहने गरी आवश्यक व्यवस्था गरीने छ।
- डाडाँगाउँ र ठुलोगाउँमा होमस्टे प्रर्वदनका लागि अध्ययन अनुसन्धान गरिनेछ।
- डाडाँगाउं देखी गणेश हिमालसम्म पर्या पर्यटन गर्न पैदल मार्गको पहिचान र सुधार गर्न गैर सरकारी क्षेत्रसंग समन्वय गरिनेछ।

- घलेगढी र कमेरेगढीलाई आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगीनेछ ।
- वेत्रावतीमा अलपत्र रहेको साझाभवनलाई गाउँपालिकाको मातहतमा रहने गरी आवश्यक मर्मत सम्भार पश्चात उपयोगी कामका लागि संचालनमा ल्याउन पहल गरिने छ ।
- सहकारीको नियमन, प्रवर्द्धन र प्रशिक्षण कार्यलाई सवल वनाई सहकारी क्षेत्रको सवलीकरण गरिदै लगिनेछ ।

## ख) सामाजिक विकास

- उत्तरगयाको परिचयको रुपमा रहेको उत्तरगया धामको संरक्षण, संम्वर्द्धन साथै विकासको लागि उत्तरगया धाम क्षेत्र विकास कोष स्थापना गरी धाम क्षेत्रको विकास गरिनेछ । धाम क्षेत्रको जग्गा पहिचान गरी संरक्षण गर्ने र धामको एकिकृत विकासको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार पारी सोही अनुसार अगाडि बढिने छ ।
- अस्थायी प्रकृतीका उपभोक्ता समितिको साटो स्थायी टोल विकास संस्था निर्माण गरी विकास गतिविधिहरु अगाडि वढाइनेछ ।
- उत्तरगया क्षेत्रमा रहेका जलविद्युत आयोजनाका सामाजिक विकासको रकमलाई गाउँपालिकाले प्राथमिकिकरण गरेका क्षेत्रहरुमा परिचालन गरिनेछ र गाउँपालिका संगको समन्वयमा मात्र सामाजिक विकासको रकम परिचालन गर्ने परिपाटि वसालिनेछ ।
- महिलाहरुको सशक्तिकरणको लागि उपाध्यक्ष महिला उत्थान कार्यक्रम संचालन गरिनेछ ।
- रसुवा जिल्ला र उत्तरगया गाउपालिका मात्र नभई समग्र राष्ट्रको गौरवको रुपमा रहेका उत्तरगया धामक्षेत्र वरीपरीको त्रीशुली नदीको प्राकृतिक वहावमा कमी ल्याउने खालका जलविद्युत गृह लगायत कुनै प्रकारको संरचना निर्माणको लागि स्वीकृत दिइनेछैन ।
- उत्तरगया गाउँपालिकाको परिचय झल्कने गरी उत्तरगयाको सेरोफेरो पूस्तक आगामी शैक्षिक सत्रदेखि लागू गरिने छ ।
- आधारभुत स्वास्थ्य परिक्षण सहितको उत्तरगया गाउँपालिकामा दुईवटा ल्याव स्थापना गरिनेछ ।
- उत्तरगया गाउपालिका बडा नं. २, ३ र १ लाई पायक पर्ने गरी एक कविराज सहितको आयुर्वेद औषधालय स्थापना गरीने छ ।
- अनाथ तथा असाहाय वालवालिकाको जिविकोपार्जनको लागि विशेष व्यवस्था गरिनेछ ।
- उत्तरगया क्याम्पसलाई स्नातकोत्तर सम्म संचालन गर्न पहल गरिनेछ ।
- उत्तरगया गाउँपालिकाका निश्चित गाउँहरु/टोलहरुलाई स्मार्ट भिलेजको अवधारणा अनुसार अगाडि बढाउन सामाजिक संघ सस्थासंग आवश्यक समन्वय र सहकार्य गरिने छ ।
- उत्तरगया गाउँपालिका भित्रका विद्यालयहरुमा डिजिटल लर्निङ कक्षा संचालन गरिनेछ ।
- विद्यालयहरुको नियमित अनुगमन मूल्याङ्कन गरी राम्रो कार्यसम्पादन भएका विद्यालयहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- सार्वजनिक विद्यालयमा विद्यार्थीलाई टिकाइ राख्न आवश्यक शैक्षिक सुधारका कार्यक्रमहरु लागू गरिनेछ ।

- राम्रो कार्यसम्पादन भएको शिक्षकलाई उचित प्रोत्साहनको व्यवस्था साथ सम्मानको व्यवस्था गरिने छ ।
- हरेक विद्यालयमा इ–एटेन्डेन्सको व्यवस्था गरिने छ ।
- उत्तरगया क्षेत्रमा कार्यरत सामाजिक संघसस्थाहरु संगको समन्वय र सहकार्यमा उत्तरगया क्षेत्रको विकासको लागि नियमित अन्तरकृया गरिनेछ । सामाजिक संघ संस्थाको विकास बजेटलाई उत्तरगया गाउँपालिकाले प्राथमिककिरण गरेको क्षेत्रमा परिचालन गर्न आवश्यक समन्वय गरिने छ ।
- तीरुमा एकिकृत वस्ति विकास गरी उत्तरगया गाउपालिका वडा नं. १ का विस्थापित जनताहरुलाई सुविधायुक्त आवासको व्यवस्था गरिनेछ ।

## ग) पूर्वाधार विकास

- नयाँ खोलिने ट्रयाकहरुलाई निश्चित मापदण्ड तोकी मापदण्डको आधारमा ट्रयाक निर्माण गर्नुपर्ने व्यवस्थाको थालनी गरिनेछ ।
- भवन निर्माणमा संघिय सरकारद्वारा पारित भवन आचार संहितालाई कार्यान्वयनमा ल्याई सूरक्षित भवन निर्माणलाई प्रोत्साहन गरिने छ ।
- वैकल्पिक उर्जा मार्फत टोलहरुमा उज्यालो गाउँको व्यवस्था गरिने छ ।
- पाँचवटै वडा कार्यालयहरु लगायत सरकारी कार्यालयहरुमा इन्टरनेटको पहुच विस्तार गर्दै लगिने छ । उत्तरगयालाई क्रमश फ्री वाइफाइ जोनको रुपमा विस्तार गर्दै लगिनेछ ।
- उत्तरगया गाउँपालिका वडा नं. १ मा विद्युतिकरण साथै वैकल्पिक उर्जा मार्फत उज्यालो कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।
- उत्तरगया गाउँपालिका वडा नं. १ को तिरुलाई आगामी आर्थिक वर्ष भित्र सड्क संजाले जोडिनेछ ।

## घ) वातावरण तथा विपद व्यवस्थापन

- वातावरणिय पक्षलाई ध्यान दिदै वातावरणलाई गम्भिर असर पार्ने आयोजनाहरुको वातावरणिय परिक्षण पश्चात् मात्र कार्यान्वयनमा ल्याइनेछ ।
- वातावरण शाखालाई संस्थागत गर्दै लगिने छ ।
- पोस्ट ओ.डि.एफ. कार्यक्रमलाई सशक्त पार्दै लगिने छ ।
- विपद व्यवस्थापन कोष स्थापना गरी कार्यविधी मार्फत परिचालन गर्दै लगिने छ ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- कर्मचारीहरुको क्षमता विकासको लागि तालिमको व्यवस्था गरिने छ ।
- स्थानिय सरकारको रुपमा रहेको गाउँपालिकाको लागि आवश्यक कानुनी संरचनाहरु तयार पार्दै लगिने छ ।
- नागरिकलाई सहज र सुलभ रुपमा सेवा प्रदान गर्न आवश्यक संस्थागत सूदृढीकरण गरिने छ ।

- सुशासनलाई हरेक कृयाकलापमा केन्द्रमा राखी सेवा प्रवाह र विकास गतिविधिलाई नागरीक मैत्री गराउदै लगिने छ ।
- गाउ कार्यपालिकाको कार्यालय, वडा नं. १ र ४ को कार्यालयको भौतिक व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- नागरीकलाई आवश्यक सुचना तथा सेवामा सहजीकरण गर्न गाउ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा नागरीक डेस्क स्थापना गर्दै लगिने छ ।

प्रस्तावित नीतिगत व्यवस्था तथा कार्यक्रमहरु मध्ये केही यसै आर्थिक वर्षदेखी कार्यन्वयनमा लैजाने र बाँकी क्रमशः आगामी आर्थिक वर्षदेखी कार्यान्वयनमा लगिनेछ ।

अन्तमा उत्तरगया गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिकाले आगामि आर्थिक वर्षमा गाउँपालिका क्षेत्रभित्र कार्यान्वयन गर्ने नीति, योजना कार्यक्रमको कार्यान्वयन गर्ने क्रममा समस्त उत्तरगयाबासी, राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवि, अर्धसरकारी तथा गैरसरकारी संघसंस्था, राष्ट्रसेवक कर्मचारी, सञ्चारजगत, विकास साझेदार लगायत सबै पक्षहरुबाट विगत भन्दा सक्रिय ढंगले रचनात्मक सहयोग सद्भाव रहने छ भन्ने विश्वास लिएकोछु ।

धन्यवाद !

जय उत्तरगया, जय नेपाल